# जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
# JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

Central Office: Katahari-2, Morang

## Unaudited Financial Results (Quarterly)

### As at 1st Quarter (31/06/2078) of the Fiscal Year 2078/2079

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **23,907,970.15** | **22,744,847.00** | **16,798,756.43** |
| 1.1 | Paid-up Capital | 608,400.00 | 608,400.00 | 410,670.00 |
| 1.2 | Reserves and Surplus | 1,497,157.65 | 1,309,407.65 | 757,521.34 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 10,713,457.92 | 9,924,749.77 | 6,218,822.43 |
| 1.5 | Deposits (a+b) | 8,372,535.15 | 8,090,419.42 | 7,353,120.84 |
| | a. Domestic Currency | 8,372,535.15 | 8,090,419.42 | 7,353,120.84 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 75,689.59 | 295,525.02 | 56,916.31 |
| 1.7 | Other Liabilities | 2,640,729.84 | 2,516,345.14 | 2,001,705.50 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **23,907,970.15** | **22,744,847.00** | **16,798,756.43** |
| 2.1 | Cash & Bank Balance | 1,725,972.41 | 1,463,894.99 | 2,179,310.60 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | - | - | - |
| 2.4 | Loans & Advances | 21,604,129.50 | 20,458,237.66 | 14,261,011.39 |
| 2.5 | Fixed Assets | 90,729.23 | 87,632.90 | 84,886.29 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 487,139.01 | 735,081.45 | 273,548.15 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest income | 758,764.47 | 2,516,550.91 | 488,596.50 |
| 3.2 | Interest Expense | 375,271.23 | 1,099,839.23 | 222,775.51 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **383,493.24** | **1,416,711.68** | **265,820.99** |
| 3.3 | Fees Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 102,090.70 | 405,533.69 | 72,245.09 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **485,583.95** | **1,822,245.37** | **338,066.08** |
| 3.6 | Staff Expenses | 142,137.48 | 454,462.45 | 115,348.08 |
| 3.7 | Other Operating Expenses | 45,669.40 | 222,272.45 | 47,721.83 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **297,777.07** | **1,145,510.48** | **174,996.18** |
| 3.8 | Provision for Possible Loss | 139,462.63 | 761,769.21 | 214,680.15 |
| **D** | **Operating profit (C-3.8)** | **158,314.45** | **383,741.26** | **(39,683.96)** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 108,108.53 | 671,716.64 | 235,137.60 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **266,422.98** | **1,055,457.90** | **195,453.63** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | 13,908.82 | 39,079.21 | 11,603.69 |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **280,331.80** | **1,094,537.11** | **207,057.32** |
| 3.12 | Provision For Staff Bonus | 28,033.18 | 109,453.71 | 20,705.73 |
| 3.13 | Provision For Tax | 75,689.59 | 295,525.02 | 55,905.48 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **176,609.03** | **689,558.38** | **130,446.11** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 10.11% | 9.72% | 8.65% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.68% | 0.61% | 0.61% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 358.14% | 396.01% | 352.97% |
| 4.4 | Cost of Funds | 7.92% | 7.24% | 7.89% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 258.04% | 252.87% | 193.95% |

Note: If the statutory and regulatory authority notify to change the Unaudited Financial Statements,the figure may change accordingly.

| Interest Rate on Deposit and Loan & Advance | |
|---|---|
| **Saving Deposit: 5% to 11.25%** | **Loan: 14-15%** |

**नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।**

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

## आ.व. २०७८/०७९ को पहिलो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण** :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरुः

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पतिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ११६.११ | ३९.७५ | ३७१.७७ | ३९७८.२२ | १६.४० |

**२. व्यवस्थापकीय विश्लेषण** :

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
आर्थिक वर्ष २०७८/०७९ को पहिलो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापकीय योजना अनुरुप बृद्धि भएको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरुदेखि नै वित्तीय पहुँच अभिबृद्धि गराई गरिवी घटाउने, वित्तीय समावेशीकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार गर्ने उद्देश्य अनुरुप देशका १९ जिल्लामा १३८ वटा शाखा कार्यालयहरु मार्फत ३,०७,४९८ विपन्न परिवारमा लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ।

यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एवं सुनिश्चित भविष्यका लागि संस्थाले छरिएर रहेको बचत संकलनमा जोड दिँदै आईरहेको छ। सदस्यहरुको दिगोपनालाई ध्यानमा राखि उनीहरुमा स्वरोजगार सिर्जना गर्दै लघुउद्यम तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ वित्तीय संस्था अग्रसर रहेको छ। चालु आर्थिक वर्ष २०७८/०७९ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम् प्रयोगमा सदस्य तथा कर्मचारीको दक्षता एवं कार्यकुशलतामा अभिबृद्धि गर्न, कर्मचारीको उत्पादकत्व बढाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउन प्रयाप्त मात्रामा तालिम तथा गोष्ठि कार्यक्रमहरु गरिनेछ। कोभिड-१९ संक्रमणको प्रभावबाट ब्यवसाय गुमाएका एवम् अति विपन्न परिवारको पुनःउत्थानका लागि चालु आर्थिक वर्षमा विशेष सहुलियत प्रदान गरिने छ। हाल सञ्चालनमा रहेका शाखा कार्यालयहरुले प्रदान गर्ने सेवाको गुणस्तरमा बृद्धि गर्दै वित्तीय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा थप शाखा कार्यालयहरु विस्तार गरी व्यवसायिक योजना अनुरुप लक्ष्यहरु हासिल गरिने छ। वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरुलाई सदस्यको आवश्यकता अनुरुप समय सापेक्ष परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : कोरोना महामारीको संक्रमणको जोखिमयुक्त समयमा पनि सदस्यहरुले वित्तीय संस्थाप्रति देखाएको विश्वास उत्साहजनक छ। सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुलीमा भएको सकारात्मक परिणामले गर्दा आगामी दिनमा वित्तीय संस्थाको आम्दानीमा अझ बृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ। विगतको अनुभव तथा वर्तमान परिस्थितिलाई मध्यनजर गर्दा लघुवित्त संस्थाहरुमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा कर्जाको दोहोरोपना आदिका कारणले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न सक्ने भएता पनि कर्जा सुचना केन्द्रको प्रभावकारीता बृद्धि हुदै जाँदा जोखिमहरु क्रमशः न्यून हुँदै जाने देखिन्छ। कोरोना संक्रमणको जोखिमलाई कम गर्न नेपाल सरकार तथा स्थानीय निकायहरुद्धारा जारी गरिएका निषेधाज्ञाका कारण यस संस्थामा आवद्ध सदस्यहरुलाई अत्यावश्यक सेवा प्रदान गर्न असहज नहोस् भन्ने अभिप्रायले डिजिटल सेवाको प्रयोगमा जोड दिईएको थियो। वितेको वर्षमा डिजिटल सेवाको उपयोग अत्यन्त प्रभावकारी भएकाले त्यसको प्रयोग र उपयोगितालाई अझ प्रभावकारी रुपमा बृद्धि गरिने छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको।

(ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**:

(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ। वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधिभित्र रही प्रवाहित गरिने छ। लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मूल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ।

(ख) त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको दिन तथा कारोवार संख्या (नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार)

| अधिकतम मूल्य (रु) | न्यूनतम मूल्य (रु) | अन्तिम मूल्य (रु) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ५५१६.९० | ८९० | ४६१५ | ४९ | ५२,४५४ |

**५. समस्या तथा चुनौती**:

(क) समयमा कर्जा असुल हुन नसकी उत्पन्न हुने सक्ने जोखिम, वित्तीय श्रोतको अनिश्चितता, तरलतामा उतार चढाव र कर्मचारीहरुको दक्षता अभिबृद्धिमा कमी भई उत्पन्न हुन सक्ने जोखिम चुनौतिपूर्ण छन्।

(ख) अस्वस्थ्य प्रतिस्पर्धाका कारणले हुने कर्जाको दोहोरोपना, नियमनकारी निकायबाट अप्रत्याशितरुपमा हुने नीति तथा निर्देशनमा परिवर्तन, कोरोना भाइरस संक्रमण तथा अन्य विपद्बाट सिर्जित जोखिम र बैंक/वित्तीय संस्थाबाट उपलब्ध हुने कर्जाको ब्याजदरमा हुन सक्ने बृद्धि पनि वित्तीय संस्थाका लागि चुनौतीपूर्ण छन्।

**६. संस्थागत सुशासन** :

नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिबद्ध र प्रतिबद्ध रहँदै आएको छ। संस्थागत सुशासनमा विषेश ध्यान दिँदै वित्तीय संस्थाले अन्य विषयहरुको अतिरिक्त देहाय बमोजिमका कदमको समेत अवलम्बन गरेको छ :

(क) यस वित्तीय संस्थाको संचालक समिति तथा व्यवस्थापन समूह आफ्ना शेयरधनीहरु, सर्वसाधारण सदस्यहरु लगायत सम्पुर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ। नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, निर्देशिकाहरु तर्जुमा गर्ने र उक्त नीति निर्देशनलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ।

(ख) संस्थागत सुशासन परिपालनाको लागि वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, संस्थागत सामाजिक उत्तरदायित्व कोष संचालन कार्यविधि, कर्जा अपलेखन विनियमावली, कर्जा नीति तथा बचत परिचालन निर्देशिका, ग्राहक संरक्षण कोष संचालन कार्यविधि, आन्तरिक लेखा परीक्षण कार्यविधि एवं अन्य आवश्यक नीति नियम तथा निर्देशिकाहरु बनाई त्यसको पालना गर्दै आईरहेको छ।

(ग) वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गरी चुस्त, दुरुस्त बनाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समितिका साथै लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति लगायत विभिन्न समिति तथा उपसमितिहरु गठन गरेको छ।

(घ) नेपाल राष्ट्र बैंकको निर्देशनका साथै स्थलगत तथा गैर स्थलगत निरीक्षणबाट दिएका सल्लाह तथा सुझावहरुको पालना गर्न व्यवस्थापन तथा सञ्चालक समिति क्रियाशील रहेको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सु(सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

**८. नियम २६ को उपनियम (५) साग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण** : छैन